# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ६)　　　　संख्या १३　　　　मिति २०८० वैशाख १३ गते

# भाग २

## भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सल्ले, काभ्रेपलाञ्चोकको
### सूचना

भुम्लु गाउँकार्यपालिकाले प्रयोग गर्दै आइरहेको छापलाई परिवर्तन गरी नयाँ छाप प्रयोग गर्न लागिएको सन्दर्भमा  तल लेखिए बमोजिमको गाउँपालिकाको छाप सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः** भुम्लु गाउँपाललिकाले प्रयोग गर्दै आएको प्रशासनीक छाप परिवर्तन गरी प्रयोग गर्नका लागि वाञ्छनीय भएकाले भुम्लु गाउँपालिकाले यो संशोधन जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१)यस संशोधनको नाम "भुम्लु गाउँपालिकाको प्रशासनीक छाप संशोधन २०८०" रहेको छ ।

(२) यो संशोधन तुरुन्त लागू हुनेछ ।

२. **भुम्लु गाउँपालिकाको प्रशासनिक छाप परिवर्तनः** भुम्लु गाउँपाललिकाले प्रयोग गर्दै आएको पुरानो छाप अन्य स्थानीय निकायले प्रयोग गर्ने गरेको ढाँचासँग नमिल्ने भएको साथै छापमा उल्लेख भएको विवरण पूर्ण नभएकोले र संघीय सरकारले स्थानिय निकायले प्रयोग गर्ने छापको ढाँचामा एकरुपता गर्नुपर्ने भनी पत्राचार समेत गरेकाले अन्य स्थानीय निकायसँग भुम्लु गाउँपालिकाको छापको ढाँचा मिल्ने गरी संशोधन गर्ने भनी मिति २०८०।०१।१३ गते गाउँ कार्यपालिका निर्णय भए बमोजिम अनुसुची १ मा उल्लेख भए बमोजिम हुने गरी भुम्लु गाउँपाललिकाको छाप परिवर्तन गरिएको ।

# अनुसुची-१

(भुम्लु गाउँपालिकाको प्रशासनीक छाप संशोधन २०८० को

(दफा २ सँग सम्बन्धीत)

भुम्लु गाउँपालिकाको प्रशासनिक छाप




आज्ञाले

विष्णु प्रसाद सुवेदी

प्रमख प्रशासकीय अधिकत